जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ३८ २०८२ साल बैशाख २८ गते आइतवार (11 May 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** डा. सिके राउतले गरे स्वास्थ्य ... **पृष्ठ ३ मा :** भाषाले कानुन पाएको छ, ... **पृष्ठ ४ मा :** खिोपको महिना वैशाख : तपाईका ... **पृष्ठ ५ मा :**बसपार्क राजविराज ...

## समस्यै समस्याले जेलिएको राजविराज कारागार




**राजविराज**/मुलुकै पुरानो मध्येका राजविराज कारागार अहिले समस्यै समस्याले जेलिएको छ। कारागारमा १ सय २५ जनाको क्षमता रहेपनि अहिले ५ महिला सहित ३ सय ९८ जना कैदीबन्दी राखिएका छन।

अर्कोतिर कुल २ विगाहा १३ धुर क्षेत्रफल रहेको कारागारको १ विगहा जती जग्गा अतिक्रमणको चपेटामा परेपछि समस्या झनै थपिएको हो। एकातिर जीर्ण भवन अर्कोतीर क्षमता भन्दा बढी कैदीबन्दी राख्नुपर्दा जोखिम संगै निगरानी गर्न पनि समस्या भएको जेलर मातृका प्रसाद दाहाल बताउँछन। कारागारमा दरबन्दी अनुसारको कर्मचारी र सुरक्षाकर्मीको पनि अभाव देखिएको उनको भनाई छ।

कारागारमा १ अधिकृत, १ सुब्बा, ३ खरिदार, १ जना सहलेखापाल र ६ जना कार्यालय सहयोगीको दरबन्दी रहेकोमा १ जना अधिकृत, १ जना सहलेखापाल र ४ जना कार्यालय सहयोगी मात्र उपलब्ध छन। यस्तै १ जना अहेबको दरबन्दी रहेपनि त्यसमा पदपुर्ती हुन सकेको छैन। दरबन्दी अनुसारको सुरक्षाकर्मीको पनि अभाव देखिएको जेलर दाहालको भनाई छ।

कारागारको भवन र पर्खालको अवस्था हेर्दा कुन बेला भवन ढल्ने हो वा कुन बेला भित्ता फोडेर कैदी भाग्ने हुन भन्ने चिन्ताले सताईरहेका बेला पछिल्लो पटक गत बैशाख १४ गते राती हावाहुरी र वर्षा संगै [redacted] बखत [redacted] लागेको मौका छोपी एक कैदी फरार भएपछि चिन्ताले निन्द्रा हरेको उनको भनाई छ।

चोरी मुद्दामा धरौटी बुझाउन नसकेर बन्दी जीवन विताईरहेका सप्तरीको शम्भुनाथ नगरपालिका ११ का ३५ वर्षिय रामानन्द मण्डल २० फिट अग्लो कारागारको पर्खाल नाघेर फरार भएका थिए। उनी अझै पक्राउ पर्न सकेका छैनन्।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले फरार कैदी मण्डलको व्यापक खोजी भइरहेको र चाडै पक्राउ पर्ने बताएका छन।

समस्या यतिमात्र होइन, कारागारमा सीसीटिभी क्यामेरा, जेनेटर समेत छैन, एक कर्मचारीले भने- सीसीटिभी क्यामेरा जडान भएको भए निगरानी गर्न सहज हुन्थ्यो, तर त्यो पनि नहुँदा समस्या भएको छ।"

उनले जेनेटर समेत नहुँदा बत्ती गएको बेला टर्च र इमरजन्सी लाईटको भरमा निगरानी गर्नू पर्ने बाध्यता रहेको सुनाए। विगतमा कैदी ओसार पसारका लागी प्रयोग गरिने कारागारको एक मात्र गाडी अहिले विग्रेर महिनौदेखी लहानस्थित एक ग्यारेजमा थन्किएको तथा बजेटको अभावमा गाडी ल्याउन नसकिएको उनले बताए।

उनले कारागार सुरक्षाका लागी कारागारको पर्खालको चारैतीर काँटेतार, सीसीटिभी क्यामेरा जडान आवश्यक भएको भन्दै कारागारको सम्पुर्ण समस्या समाधानका लागी आफुले सम्बन्धित निकायमा आएको दिन देखी नै पहल गरिरहेको बताएका छन।

राणाकाल मै २००८ सालमा निर्माण भएको कारागार सरकारी उपेक्षाका कारण जीर्ण र अतिक्रमणको चपेटामा परेको भन्दै स्थानीयले बेलैमा यस तर्फ ध्यान दिन सरकारसंग मागँ गरेका छन।

## देशको राजनीति तीन ध्रुवमा विभाजित हुदैछ : उपेन्द्र यादव



**जनकपुरधाम**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकको राजनीति तीन ध्रुवमा ध्रुविकृत हुँदै गएको बताएका छन।

जसपा नेपाल धनुषाको प्रथम जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष यादवले अग्रगामी, यथास्थितिवादी र पश्चगामी गरि तीन ध्रुवमा राजनीतिक विभाजन भएको बताए।

उनले अग्रगामी शक्ति जनआन्दोलन, सशस्त्र विद्रोह र मधेश आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै समावेशीता, नागरिक स्वतन्त्रता र मौलिकहकको रक्षाका लागि दृढ रहे पनि यथास्थितिबादीहरु लोकतान्त्रिक मुल्य मान्यतालाई स्वीकार्य गरे पनि संघीयता र समावेशीतालाई पचाउन नसकेको जिकीर गरे।

पछिल्लो समयमा पश्चगामी शक्तिहरु समेत टाउको उठाउन थालेको भन्दै अध्यक्ष यादवले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, समावेशिता र नागरिक स्वतन्त्रताको पक्षमा चट्टानी अडानका साथ जसपालाई उभिनु पर्ने अवस्था आएको बताए।

राजनीतिक खिचातानीका कारण मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भएपनि समानता, भागेदारी र समानुपातिक प्रतिनिधित्वको समस्या अझै कायम रहेको बताए।

अग्रगामी शक्तिहरु कमजोर हुँदा यथास्थितिबादी र पश्चगामी शक्तिहरु प्राप्त उपलब्धिलाई संकटमा पार्ने दुस्साहस गर्न थालेको भन्दै उनले त्यस्तो दुश्प्रयासलाई आफुहरु सफल हुन नदिने समेत बताए।

## कारागारबाट परिक्षा दिदै सुमित

**राजविराज**/राजविराज कारागारबाटै एक कैदी कक्षा १२ को परिक्षामा सहभागी भएका छन। सप्तरीको महादेवा गाउँपालिका ३ का १९ वर्षिय सुमित कुमार यादव परिक्षामा सहभागि भएका हुन्। उनी विगत एक महिना देखी कारागारमा छन।

परिक्षा विहान ८ बजे देखी ११ बजे सम्म चल्ने गरेकोमा ५ मिनेट पहिले प्रश्नपत्र र उत्तर पुस्तिका लिएर शिक्षक कुलचन्द्र प्रसाद साह कारागार पुग्ने गरेका छन। आठ बज्ना साथ कारागारको एक कोठामा उनलाई राखेर प्रश्नपत्र र उत्तर पुस्तिका दिने र ११ बज्ना साथ फिर्ता लिई जाने गरेको शिक्षक साहले बताए।

परिक्षा जेष्ठ २ सम्म चल्ने छ। परिक्षा समितिको निर्देशनमा कारागारमा समेत परिक्षा लिने व्यवस्था मिलाइएको जेलर मातृका प्रसाद दाहालले बताए।

गाउँ कै एक किशोरी बलात्कारको आरोपमा उनी माथी जबरजस्ती करणी मुद्दा चलाइएको प्रहरीको भनाई छ। उक्त मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशमा उनी पुर्पक्षका क्रममा कारागार चलान भएका हुन।

आगलागीबारे चनाखो बनौ

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,

आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# डा. सिके राउतले गरे स्वास्थ्य विज्ञान प्रतिष्ठानको पुनः शिलान्यास

**राजविराज**/जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतले आम जनतामा पार्टी प्रति आकर्षण बढ्दै गएको बताएका छन् ।

सप्तरीको विष्णुपुर गाउँपालिकामा जनमत पार्टीले बिहीबार आयोजना गरेको बृहत पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै डा. राउतले स्थापनाको छोटो समयमै आफ्नो पार्टीमा जनताको आकर्षण बढेको बताए । सप्तरीको निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउतले आफू विकासको पक्षमा तथा राज्यपक्षद्वारा भईरहेको विभेदको विपक्षमा संगठित रुपमा उभिएको बताए ।

कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका पुर्व केन्द्रिय सदस्य विशेश्वर रजक सहित विभिन्न पार्टी परित्याग गरि दुईसय भन्दा बढी नेता कार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेको जिल्ला इन्चार्ज रामगमन साहले जानकारी दिए ।

उनकै अध्यक्षतामा आयोजित काक्रममा मधेश प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंह, संगठन विभाग प्रमुख जयकान्त राउत, मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री शकिल अलि मियाँ, प्रदश साँसद एवं पुर्व मन्त्री महेश प्रसाद यादव, प्रदेश साँसद शम्भु साह, हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर विरेन्द्र माझी, बलान विहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतको उपस्थिति थियो ।

यसअघि डा. राउतले बुधबार राजविराज नगरपालिका १० स्थित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको पुनः शिलान्यास गरेका छन् ।



यसअघि उक्त प्रतिष्ठानको प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ असार २२ गते भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए ।

शिलान्यास कार्यक्रममा संचारकर्मीहरु संग संक्षिप्त कुरा गर्दै डा राउतले तत्कालिन प्रधानमन्त्री ओलीद्वारा भर्चुअल माध्यममा शिलान्यास गरिएको भनिएपनि स्थलगत रुपमा शिलान्यास हुन नसकेको, प्रतिष्ठानको गठन आदेश नविकरण नभएको तथा बजेट समेत उपलब्ध नभएको अवस्थामा प्रतिष्ठानको निर्माण कार्य अलपत्र रहेको दृष्टिगत गरि आफूले शिलान्यास स्पष्टिकरण दिए ।



जनमत पार्टी नेतृत्वकै मधेश प्रदेशमा सरकार गठन भएपछि तत्काल भवन निर्माणका लागि ४ करोड रुपैया बजेट समेत सुनिश्चित गरिएको उनले बतए ।

डा.राउतले निर्वाचनको समयमा प्रतिष्ठानको कामलाई अघि बढाउने भनि जनता संग गरिएको प्रतिवद्धता पुरा गर्न गठन आदेश नविकरण समेत गराएर काम सूचारु गर्न लागेको जानकारी दिए ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको नाममा प्रतिष्ठान निर्माण गर्ने निर्णय गरको थियो ।

राजविराज नगरपालिकाले यसका लागि वडा नम्बर १० स्थित विरौलमा ६२ विगहा जग्गा प्रतिष्ठानका लागि दिने निर्णय गरेपछि २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले निर्णय समेत प्रतिष्ठानलाई सो जग्गा दिने गरेको थियो ।

शिलान्यास समारोहमा जनमत पार्टीका संगठन विभाग प्रमुख जयकान्त राउत, मधेश प्रदेशका पर्यटन मन्त्री शकिल अली मियाँ, प्रदेश साँसद महेश प्रसाद यादव, प्रतिष्ठान पुर्वाधार तयारी विकास समितिका अध्यक्ष डा. पशुपति चौधरीका साथै स्थानियहरुको उपस्थिति रहेको थियो ।

डा.राउतले बुधबार नै मधेश प्रदेश सरकारको लगानीमा राजविराज नगरपालिका ९ मलेठमा निर्माण हुने गजेन्द्रनारायण सिंह स्मृती भवन, ओशो आश्रम तथा वृद्ध ध्यान केन्द्र भवनको समेत शिलान्यास गरेका छन् । सो अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह समेतको उपस्थिति रहेको जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले जानकारी दिए ।

## सम्पादकीय ....

### व्यापार चौपट बन्दै

सप्तरी जिल्लामा पछिल्लो समय व्यापार व्यवसाय चौपट बन्दै गएको छ । व्यापार चौपट हुँदै जानु केवल व्यापारीको समस्या मात्र नभई समग्र जिल्लाको आर्थिक विकासका लागि खतरा समेत बनेको छ । देशभर फैलिएको आर्थिक मन्दीको असर सप्तरीमा पनि गहिरो देखिएको हो । महँगी, करको बोझ, र उपभोक्ताको क्रयशक्तिमा गिरावटका कारण व्यापार सुस्त भएको छ ।

सीमानाकाबाट हुने तस्करीका कारण स्थानीय व्यापारीका लागि चुनौती बनेको छ । यस्तै पूर्वाधार विकासको अभाव, सडकको कमजोर अवस्था, ढुवानी व्यवस्थामा असहजता लगायतले गर्दा व्यवसाय सञ्चालन थप कठिन भएको छ । अहिलेको अवस्थामा सुधार ल्याउन सरकारी र निजी क्षेत्रको सहकार्य अपरिहार्य छ । व्यवसायमैत्री नीति बनाउने, साना र मझौला उद्योगलाई अनुदान तथा सहुलियत ऋण दिने, सीमावर्ती व्यापारको नियमन गर्ने र डिजिटल कारोबारलाई प्रोत्साहन गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

सप्तरीमा व्यापार चौपट हुनु भनेको जनजीविकामा ठूलो असर पर्नु हो । त्यसैले, तत्काल र दीर्घकालीन समाधानको खोजी गर्दै व्यवसायी, सरकार र जनसमुदायबीच सहकार्यको वातावरण बनाउनुपर्ने आवश्यकता देखिन्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# भाषाले कानुन पाएको छ, अब न्याय पाउनु छ

**सुरेश किरण**

बागमती प्रदेश सरकारले नेपालभाषा र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको मान्यता प्रदान गर्न ल्याएको 'प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' कार्यान्वयनमा आएको आज (वैशाख २४ गते) एक वर्ष पूरा भएको छ। गत वर्ष आजकै दिन संघीय राजधानी काठमाडौँमा एक विशिष्ट समारोहका बिच तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भाषासम्बन्धी यो ऐन कार्यान्वयनमा आएको घोषणा गरेका थिए। सोही घोषणा भएको दिनलाई स्मरण गर्दै बागमती प्रदेश सरकारले आज 'भाषा दिवस'कै रूपमा अर्को समारोह गर्दै छ।

ऐन जारी भएको दिनलाई प्रदेश सरकारले संविधानै जारी भएसरह दिवसका रूपमा कार्यक्रम आयोजना गर्नाले पनि यो ऐनको महत्त्व उजागर भएको छ। संविधान जारी गर्दा त्यसमा बरु केही सभासद्ले विमति प्रकट गरेका थिए, तर यो ऐन जारी गर्दा बागमती प्रदेशसभाका सम्पूर्ण सभासद्ले एकै मतले स्वीकृति जनाएका थिए। त्यसले पनि यो ऐनको गरिमा प्रकट गर्छ।

संविधानको धारा ७ (२) मा प्रदेशमा बोलिने भाषाहरूमध्ये बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा बनाउन सकिने भन्ने प्रावधानअनुरूप यो ऐन तर्जुमा गरिएको हो। कुन प्रदेशमा कुन कुन भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिने भन्ने निर्णय भने भाषा आयोगले गरेको सिफारिसका आधारमा गरिएको थियो। आयोगले बागमती प्रदेशमा जनसंख्याको आधारमा तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिने सिफारिस गरेको थियो।

बागमती प्रदेशमा भाषा ऐन लागु हुनु नेपालको इतिहासमै एक गौरवपूर्ण ऐतिहासिक घटना थियो। १८ वटा दफा रहेको उक्त ऐन केवल १० पृष्ठको एउटा सानो पुस्तिकामा मात्र होइन। यो नेपालको भाषिक इतिहासमै सुनौलो अध्यायका रूपमा खडा गरिएको मजबुत कोसेढुंगा पनि हो। यो ऐनको कार्यान्वयनसँगै नेपालको भाषा आन्दोलन, भाषिक इतिहास र समावेशी समाज निर्माणको राष्ट्रिय संकल्प नितान्त नयाँ उचाइको दिशातर्फ प्रस्थान गरेको मान्न सकिन्छ।

अहिलेसम्म नेपालमा भाषासम्बन्धी कुनै कानुन बनेको छैन। नयाँ कानुन भएकाले यसको सिर्जना जति उत्साहपूर्ण छ, कार्यान्वयन त्यति नै जटिल पनि छ। बागमती प्रदेशसभाले सरकारी कामकाजी भाषासम्बन्धी ऐन पारित गरेकै बेला भाषाविज्ञले यसको कार्यान्वयनमा शंका व्यक्त गरिसकेका थिए जो, स्वाभाविक हो। नेपालको सन्दर्भमा सरकारी कामकाज बहुभाषी ढाँचामा सञ्चालन गर्नु नितान्त नौलो अभ्यास हो। यस्तो अनुभव नेपालले अहिलेसम्म कहिल्यै हासिल गरेको छैन। तसर्थ कार्यान्वयन जटिल छ तर यो जटिलतालाई तोड्ने सबैभन्दा ठुलो बलियो शक्ति भने प्रतिबद्धता हो। प्रतिबद्धता छ भने कार्यान्वयन सुस्त हुन सक्छ अवरुद्ध चाहिँ हुँदैन।

खुसीको कुरा, सरकारी कामकाजको भाषासम्बन्धी कानुन कार्यान्वयनको पहिलो कार्यका रूपमा गत २०८२ वैशाख ६ गते बागमती प्रदेशसभाले तामाङ भाषा र नेपालभाषाका दुई अनुवादकहरू नियुक्त पनि गरिसकेको छ। राजपत्र अनंकित पाँचौं तहमा नियुक्त गरिएका ती दुई अनुवादकले अब प्रदेशसभा बैठकमा माननीय सभासद्हरूले तामाङ वा नेपालभाषामा गर्नुभएको सम्बोधनलाई तत् समयमै नेपाली भाषामा अनुवाद गर्नेछन्। संसदले तयार गर्ने वार्षिक प्रतिवेदनलाई तामाङ र नेपालभाषामा अनुवाद गर्नेछन्। साथै संसद्ले जारी गर्ने सूचना, निर्देशन आदि जस्ता कुरा पनि दुवै भाषामा अनुवाद गर्नेछन्।

भाषा कानुनको कार्यान्वयन यसरी नै अगाडि बढ्ने हो। सुरुवात सजिलो कामबाट थाल्ने। यसले जटिल काम पनि सजिलो हुँदै जानेछ। भाषा आयोगले पनि प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरूको सिफारिसमा 'भाषाको विकास एकैपटक सम्भव नभई चरणबद्ध विकास (एकपछि अर्को) प्रक्रिया अवलम्बन गर्ने' कुरा उल्लेख गरेको छ।

अर्को खुसीको कुरा के हो भने बागमती प्रदेशमा भाषासम्बन्धी ऐन आइसकेपछि अन्य प्रदेशहरूमा पनि ऐन बनाउने दबाब बढेको छ। बागमतीमा ऐन कार्यान्वयन भएपछि मधेस प्रदेशसभामा पनि भाषा विधेयक दर्ता भयो। यद्यपि विवादका कारण विधेयक फिर्ता भएको छ र पनि प्रदेशसभामा भाषासम्बन्धी विधेयक प्रस्तुत हुनु नै ठुलो कुरा हो। विधेयकमाथि उठेका प्रश्न निराकरण हुँदै गएपछि विधेयकले पूर्णता पाउने र कार्यान्वयनमा जाने विश्वास लिन सकिन्छ।

मधेसपछि गण्डकीमा पनि भाषा विधेयक तयार गरी संसद्मा टेबुल भइसकेको छ। गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने गरी विधेयक तयार भएको हो। त्यस्तै, प्रदेश नं. १ (कोशी प्रदेश) मा केहीअघि नै भाषा विधेयकको मस्यौदा तयार भइसकेको छ भने त्यो अब छिटै संसद्मा टेबुल हुने अवस्था छ। यसका लागि भाषा आयोगले गत २०८१ माघ २४ गते उक्त प्रदेशको राजधानी विराटनगरमा प्रस्तावित भाषा विधेयकको मस्यौदाबारे अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो।

लुम्बिनी प्रदेशमा पनि यही २०८२ वैशाख ७ गते भाषा विधेयकको मस्यौदाबारे अन्तर्क्रिया सम्पन्न भएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा पनि भाषा विधेयकबारे छलफल र अन्तर्क्रिया सुरु भइसकेको छ।

सबै प्रदेशहरूमा भाषासम्बन्धी ऐनहरू आउने क्रम सुरु भएपछि अब यसमा एकरूपता, कार्यान्वयनमा चुस्तता, प्रदेश-प्रदेश बिचको भाषिक सम्बन्ध, पालिका-पालिका बिचको भाषिक सम्बन्ध आदिका विषयमा पनि स्पष्ट नीति तय गर्न अब संघीय भाषा ऐन निर्माणका लागि दबाब पर्न गएको छ। भाषा आयोगले संघीय भाषा ऐनका लागि पनि समन्वय सुरु गरिसकेको छ।

यसरी बागमती प्रदेशले भाषा ऐन कार्यान्वयनमा ल्याइसकेपछि त्यसको प्रभाव विभिन्न प्रदेश हुँदै संघीयस्तरमै पुग्न थालेको छ।

२०७२ को संविधानमा उल्लेख भएका सबैभन्दा मूलभूत तत्त्वमध्ये प्रदेशहरूमा नेपालीका अतिरिक्त अन्य राष्ट्र भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न पाउने (धारा ७, उपधारा २) अधिकार प्रमुख हो। तसर्थ संविधानको यो धारा कार्यान्वयन हुनुको अर्थ संविधानको मूल मर्म नै कार्यान्वयन हुनु हो।

संविधान जारी भएको एक दशक बितिसक्दा पनि त्यसको मर्मअनुरूप बहुलतामा आधारित कानुनहरू कार्यान्वयनमा नआएका कारण निराश भएका जनताले प्रश्न उठाउन थालिसकेका थिए– 'संघीयताले के दियो ?' यस्तो अवस्थामा नेपालीबाहेक अन्य राष्ट्र भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न पाइने यो कानुन कार्यान्वयनमा आएबाट 'संघीयताले केही दिएन' भन्नेहरूलाई जवाफ दिने आधार बनाइदिएको छ। यसले संविधानलाई अझ मजबुतपूर्वक भुइँमा टेक्ने बल प्रदान गरेको छ।

नेपाल भाषिक, सांस्कृतिक, धार्मिक, जातीय विविधताले भरिएको इन्द्रेणी विशेषतायुक्त मुलुक हो। यस्तो विविधतापूर्ण मुलुकको राष्ट्रियता एकताको आधार भनेकै यहाँ विद्यमान सम्पूर्ण जाति, भाषा, धर्म, लिङ्गप्रति राज्यद्वारा गरिने समान व्यवहार हो। बागमती प्रदेशले कार्यान्वयनमा ल्याएको भाषासम्बन्धी यो ऐनले यस दिशामा पनि एक महत्त्वपूर्ण पाइला चालेको छ। यो ऐनले तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाए पनि यसले अब अन्य भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको दर्जा प्रदान गर्दै जाने प्रारम्भको ढोका खोलेको छ।

भाषा आन्दोलनका अगुवा मल्ल के. सुन्दरका अनुसार 'यो एक अर्थमा बहुलता र विविधतायुक्त नेपालजस्तो मुलुकमा सबै समुदाय र वर्गका नागरिकको अस्तित्व तथा पहिचानप्रति सम्मान हो। उनीहरूलाई राष्ट्रिय मूलप्रवाहमा समाहित गराउने राज्यको आधारभूत दायित्वको निर्वाह हो। सीमान्तकृत र बहिष्करणको अवस्थाबाट अधिकारसम्पन्न बनाउने महत्त्वपूर्ण अभियान हो, (कान्तिपुर, २०८१ वैशाख २५)।'

राज्यले सबै भाषाहरूलाई यसरी राजकीय मान्यता प्रदान गरेपछि ती भाषा बोल्ने समुदायमा पनि राज्यप्रति अपनत्वको भाव जागृत हुन्छ र यो मुलुक आफ्नो पनि हो भन्ने संकल्पले मनमा स्थान ग्रहण गर्न थाल्छ। बागमती प्रदेशले तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाएपछि अब आआफ्नो क्षेत्रमा आ-आफ्नो प्रकारले सबै भाषाहरू कामकाजी भाषाको रूपमा प्रयाग गर्न सकिने भएको छ। संघीय सरकारले नेपाली (खस) भाषा मात्रै सरकारी कामकाजको भाषा हुनेछ भनेर संविधानमै उल्लेख गरेको छ। बागमती प्रदेशमा आएपछि नेपाली (खस) बाहेक अरु दुई नेपाली भाषाहरू तामाङ र नेपालभाषालाई पनि थपिए। त्योभन्दा पनि मुनि पालिकास्तरमा आएपछि नेपाली (खस), तामाङ र नेपालभाषाबाहेक अर्को कुनै भाषा बोल्नेहरूको संख्या अधिक छ भने त्यहाँ त्यो एउटा (वा त्योभन्दा बढी) भाषालाई पनि कामकाजी भाषाको रूपमा मान्यता दिन सकिन्छ। जस्तो : लुम्बिनी प्रदेशस्थित बुटवल उपमहानगरपालिकाले नेपाली (खस) बाहेक थारु, मगर र नेपालभाषालाई पनि सरकारी कामकाजी भाषाको मान्यता प्रदान गरेको छ। लुम्बिनी प्रदेशमा थारु, अवधि र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषा बनाउने भाषा आयोगको सिफारिस रहेको भए तापनि उक्त प्रदेशको बुटवल उपमहानगरपालिकाले आफ्नो उपमहानगरको जनसंख्याको आधारमा मगर र नेपालभाषालाई पनि मान्यता दिने घोषणा गरेको हो। गत २०८१ वैशाख १० गते उक्त उपमहानगरपालिकामा यी चार भाषामा लेखिएको बडापत्र राख्ने कार्य सम्पन्न भएको थियो।

त्यस्तै, पालिका तहबाट तल वडा तहमा आएपछि त्यहाँ पनि त्यहीँकै बाहुल्य भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गर्न सकिन्छ। जस्तो : इलामको माङसेबुङ गाउँपालिका वडा ५ मा २०७५ कार्तिक १५ गते किरात लिम्बु भाषालाई जातीय बाहुल्यका आधारमा सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय भएको थियो। उक्त दिन स्थानीय जनताको सहभागितामा त्यहाँको गाउँ कार्यपालिका तथा गाउँसभामा यो सम्बन्धी प्रस्ताव पेस गरी पारित गरिएको थियो। त्यसपछि २०७५ मंसिर १३ गते सरकारी कामकाजको रूपमा प्रयोग गर्ने औपचारिक कार्यक्रम साथ घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ। यस्तै कार्य अन्य पालिकाका वडाहरूमा पनि गर्न सकिन्छ।

पालिका तह र त्योभन्दा मुनि वडा तहमा सरकारी भाषासम्बन्धी ऐन बनाउँदा त्यही प्रदेशमा रैथाने भाषाका रूपमा विद्यमान विभिन्न साना-ठुला भाषाहरूलाई प्राथमिकतामा राख्नुपर्छ। जस्तो : बागमती प्रदेशमा तामाङ र नेपालभाषाका अतिरिक्त कागते भाषा, घले भाषा, चेपाङ भाषा, जिरेल भाषा, डोने भाषा, थामी भाषा, थारु भाषा, दनुवार भाषा, दराई भाषा, पहरी भाषा, बनकरिया भाषा, माझी भाषा, शेर्पा भाषा, सुनुवार भाषा, सुरेल भाषा, हायु भाषा र ह्योल्मो भाषा (जम्मा १९ वटा) लाई प्रशासन, शिक्षा आदि जुन अवस्थामा प्रयोग गर्न सकिन्छ, (अमृत योञ्जन, नेपालका सरकारी कामकाजको भाषा, २०८१, म्हेन्दो ट्रस्ट, पृ. ११८-१३७)। त्यही हैसियतको कामकाजमा प्रयोग गर्ने गरी मान्यता प्रदान गर्ने र पछि क्रमशः त्यसको उन्नति गर्दै जाने कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसले प्रदेश भित्रका सबै भाषालाई सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्दै जान टेवा पुग्नेछ।

प्रदेश, पालिका वा वडास्तरमा भाषाहरू प्रयोग गर्दा त्यहाँ एउटै भाषाको पनि कुन मानक प्रयोग गर्ने भन्ने विवाद आउन सक्छ कि भन्ने आशंका पनि गर्न थालिएको छ। बागमती प्रदेशमै पनि तामाङ र नेपालभाषाको मानक व्यवस्थापन बाधकका रूपमा आउन सक्ने सम्भावना भाषाविद्ले औँल्याएका छन्। तामाङ भाषा र नेपालभाषा दुवैको धेरै भाषिक भेदहरू रहेका कारण कुन भेदलाई आधिकारिक मान्ने भन्ने मानकसम्बन्धी समस्या आउन सक्नेप्रति उहाँहरूको चिन्ता हो। यो भाषासम्बन्धी कानुन नै लागु गर्न नसकिने गरी उत्पन्न हुने समस्या भने होइन।

मानक कुनै निकायले घोषणा गर्दैमा प्रयोग हुने र घोषणा नगरेमा प्रयोग नै गर्न नसकिने विषय होइन। भाषाको निरन्तर प्रयोगले मानक पनि निर्धारण हुँदै जाने हो। उदाहरणका लागि नेपालभाषामा हाल काठमाडौँमा बोलिने नेवाः भाषालाई मानक मान्ने मोटामोटी सहमति भएको छ, तर कालान्तरमा यही भाषिकाले मूल मानकको रूप ग्रहण गर्छ नै भन्न सकिँदैन। वरिष्ठ भाषाविद् प्रा. डा. योगेन्द्र यादवले कुनै पनि भाषाको प्रयोगमा मानकलाई तगारोका रूपमा अघि ल्याउन नहुने विचार राख्नुभएको छ। मानकले भाषाको विकासलाई अवरुद्ध पार्ने उहाँको दाबी छ, (२०८१ कात्तिक ४ गते राससद्वारा नेपालभाषा र मैथिली भाषामा समाचार बुलेटिन प्रकाशन सुरु भएको उपलक्ष्यमा आयोजित समारोहमा गर्नुभएको सम्बोधन)।

नेपाली भाषा पनि वर्तमान समयमा जुन मानक प्रयोग भइरहेको छ त्यो कुनै निकायले

***बाँकी चार पृष्ठमा***


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# खोपको महिना वैशाख : तपाईका बालबालिकाले खोप पाए त ?

**भोजराज पोखेल**

वैशाख महिनालाई खोपको महिनाको रुपमा मनाउँदै आइरहेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही वैशाख ३१ गते खोप लगाउन छुटेका ५ वर्ष मुनिका सबै बालबालिकाहरुका लागि बृहत खोज र खोप अभियान २०८२ सञ्चालन गरिरहेको छ । मन्त्रालयले बैशाखलाई पूर्ण खोप सुनिश्चित र प्रमाणीकरण महिनाका रुपमा मनाउने उदेश्यले खोप अभियान २०८२ सन्चालन गर्न लागेको हो ।

खोप लगाउन छुटेका सबै बालबालिकालाई खोप लगाई नेपालमा पूर्ण खोप रहेको सुनिश्चित गर्नको लागि यही २०८२ वैशाख ३१ गते देशभरका सबै बालबालिकालाई सबै सरकारी स्वास्थ्य संस्थाबाट १५ महिना भित्रमा लगाउनु पर्ने नियमित खोपमा छुटेका ५ वर्ष मुनिका सबै बालबालिकालाई नियमित खोप दिने अभियान भएकाले वैशाखमहिनालाई खोपको महिनाको रुपमा परिभाषित गरएिको छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा बिभाग अर्न्तरगत रहेका सम्पूर्ण खोप कार्यक्रम सञ्चालन भएका सूचीकृत स्वास्थ्य संस्थाहरुमा निःशुल्क रुपमा राष्ट्रिय खोप तालिका अनुसार जन्मेदेखि दुईवर्ष भित्रका बालबालिकाहरुलाई बिभिन्न घातक रोगहरुको बिरुद्धमा खोपहरु उपलब्ध भएको कुरा सर्वविधितै छ ।

यस्ता घातक रोगहरुबाट भविष्यका कर्णधारको रुपमा रहेका बालबालिकाहरुलाई पूर्ण रुपमा बचाउनको लागि हरेक बाबाआमा दाजुभाई, दिदिबहिनी र सम्पूर्ण स्वास्थ्यका सरोकारवालाहरुको महत्वपूर्ण भुमिका रहेको हुन्छ । यी घातक रोगहरुबाट बचाउन हरेक परिवारले आफ्ना बालबालिकाहरुलाई जन्मपश्चात १५ महिनाको उमेर पूरा हुँदासम्म अर्थात् दुईवर्ष भित्र स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीहरुसँग बच्चालाई भेट गरी खोप लगाइ आफ्ना बच्चालाई घातक रोगबाट बचाउनु नितान्तै जरुरी र महत्वपूर्ण कार्य मानिन्छ ।

भनिन्छ नि, 'रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु नै बेस' । ठिक त्यसैको उपजलाई मानेर यो कार्यलाई निकै महत्वको साथ हेरिएको छ । त्यसकारणले गर्दा हरेक स्वास्थ्य संस्थाहरुबाट सञ्चालित यो महत्वपूर्ण कार्यक्रमलाई निकै संवेदनशील र अनिवार्य प्रयोगमा ल्याउनुपर्ने कार्यक्रमको रुपमा हेर्ने गरिन्छ । त्यसैले गर्दा यो खोप कार्यक्रमलाई पी वान कार्यक्रम अर्थात् कार्यक्रमको पनि महत्वपूर्ण कार्यक्रम भनिएको छ । हरेक वर्ष वैशाखमहिनालाई नियमित रुपमा खोप कार्यक्रममा छुट भएका बालबालिकाहरुलाई सम्पूर्ण स्वास्थ्यकमीले आ-आफ्ना सेवा क्षेत्र भित्रका बालबालिकाहरुलाई सेवा क्षेत्रका गाउँहरुमा घरधुरी सर्वेक्षण गरी खोपको दिगोपना निरन्तर दिने र कतैबाट छुटेकाहरुलाई पुन खोप केन्द्रमा बोलाई खोप लगाइ दिने, पूर्ण खोप निश्चित गर्ने र खोपको दिगोपनालाई सुनिश्चित गर्ने कार्य हरेक वर्षको वैशाखमहिनामा निरन्तर गरिने हुनाले वैशाखमहिनालाई खोपको महिना भनिएको हो ।

याद गरौं, जबसम्म सबै बालबालिकाले खोप लगाउँदैनन्, तबसम्म कोही पनि सुरक्षित हुँदैनन् । खोप लगाउन छुटेका ५ वर्ष मुनिका सबै बालबालिकाका लागि २०८२ वैशाख३१ गतेको बृहत् खोज र खोप अभियान सफल बनाउन आ-आफ्नो स्थानबाट लागिपरौं ।

**खोपको महत्व :**

'खोप निःशुल्क पाइन्छ, खोप सुरक्षित छ, खोपले जीवन रक्षा गर्दछ' खोप ठूलो जनसमूहलाई सुरक्षित गर्ने साधन हो । प्रत्येक पाँचजना बालबालिकाको मृत्युमध्ये एक जनालाई खोपबाट बचाउन सकिन्छ । खोपले जिवन बचाउँछ ।

खोप सबैभन्दा राम्रो खरिद हा । जनताको लागि फ्रि अधिकार हो । भने रोग लाग्नेदर, अपाङ्ग हुनेदर र मृत्यु हुने दर घटाउने खोप कार्यक्रमको लक्ष्य हो । एकजना बच्चालाई सम्पूर्ण खर्च बेहोरेर हेर्ने हो भने सम्पूर्ण खोप पूरा गर्नको लागि तीस हजार रुपैयाँ खर्च लाग्ने भनिएको छ । त्यसकारणले पनि नेपाल सरकारले बच्चाको लागि निशुल्क रुपमा बितरण गर्दै आएको खोपलाई निकै महत्वका साथ हेरि सम्पुर्ण अभिभावकले आफ्ना बालबालिकालाई खोप लगाई घातक रोगबाट बचाउनु पर्दछ ।

नेपाल सरकारले निःशुल्क रुपमा बालबालिकाहरुका लागि सञ्चालनमा ल्याएको यो खोपकार्यक्रमबाट प्राप्त हुने खोपलाई बाहिरी रुपमा किनेर प्रयोगमा ल्याउनको लागि बहस भन्दा अलि टाढाको विषय भएको अर्थात् हाम्रो क्षमताले भेट्न नसक्ने हुनाले आफ्ना बालबालिकाहरुलाई यस्ता १४ वटा घातक रोगहरुबाट बचाउन बालबालिकाहरुलाई लुलोलङ्गडो, लठेब्रो, सुस्त मनस्थीति र बिक्षिप्त क्षमताबाट जोगाउन तथा बच्चाको शारिरिक मानसिक सामाजिक र संवेगात्मक बिकासमा पछि गएर कुनै असर नपरोस् भन्नका लागि यी महत्वपूर्ण र निःशुल्क रुपमा प्रगोगमा आएका नियमित रुपमा हरेक महिना सन्चालनमा ल्याइएका खोपहरुलाई आफ्नो पायक पर्ने नजिकको स्वास्थ्य संस्था वा खोप केन्द्रमा आफ्ना बालबालिकाहरुलाई लगेर अनिवार्य खोप लगाऔं ।

भविष्यका कर्णधारको रुपमा रहेका बालबालिकाहरुको स्वास्थ्यलाई बचाऔं । आफ्ना बालबालिकाहरुको भबिष्य उज्वल बनाऔं । जानेर वा नजानेर कुनैपनि अभिभावकले बालबालकिाहरुको खोप लगाउन पाउनुपर्ने नैर्सगिक अधिकारबाट बन्चित नगरौं । हरेक वर्ष अभियानकै रुपमा चल्ने वैशाखमहिना खोपको महिना भन्ने अभियानलाई सफल पारौं ।

**जन्मेदेखि दुईवर्ष भित्रका बालबालिकाहरुलाई अनिवार्य रुपमा लगाउनुपर्ने नियमित खोपहरु**

- जन्मने बित्तिकै : बिसिजी खोप, क्षयरोगका बिरुद्धमा
- छ हप्तामा : रोटा ( पहिलोमात्रा), पोलियो (पहिलो मात्रा), पीसीभी (पहिलो मात्रा), डिपिटी. हेप बी.हिब (पहिलो मात्रा) : रोटा भाइरसबाट हुने भाडापखाला, पोलियो , निमोनिया (निमोकोकल रोगहरु), भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुएन्जा बी का बिरुद्धमा
- दश हप्तामा : रोटा ( दोस्रो मात्रा), पोलियो (दोस्रो मात्रा), पिसिभि (दोस्रो मात्रा), डिपिटी हेप बी हिब (दोस्रो मात्रा) : रोटा भाइरसबाट हुने भाडापखाला, पोलियो निमोनिया (निमोकोकल रोगहरु) भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाईटिस बी, हेमोफिलस इन्फ्लुएन्जा बीका बिरुद्धमा
- चौध हप्तामा : पोलियो ( तेस्रो मात्रा), एफ आई पिभी ( पहिलो मात्रा) डीपीटी हेप बी हिब (तेस्रो मात्रा) : पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार , हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुएन्जा बीका बिरुद्धमा
- नौ महिनामा : पीसीभी ( तेस्रो मात्रा) एफ आई पी भी ( दोस्रो मात्रा ) दादुरा, रुबेला ( पहिलो मात्रा) : निमोनिया ( निमोकोकल रोगहरु ) पोलियोका रोगहरु, दादुराका बिरुद्धमा
- बाह्रौं महिनामा : जापानिज इन्सेफ्लाइटिस ( एकमात्रा) : जापानिज इन्सेफ्लाइटिसका बिरुद्धमा
- पन्ध्रौं महिनामा : दादुरा, रुबेला (दोस्रो मात्रा), टाइफाइड (पहिलो मात्रा ) : दादुरा र रुबेला रोगको बिरुद्धमा साथै टाइफाइड रोगका बिरुद्धमा दिइन्छ ।
- कक्षा ६ मा पढ्ने छात्रा/विद्यालय नजाने १० वर्षकी किशोरी : एचपीभी खोप (एक मात्रा), पाठेघरको मुखको क्यान्सर बिरुद्धमा (आर्थिक बर्ष ०८२/०८३ देखि नियमित खोपमा सञ्चालित रहने)

यसरी नेपाल सरकारबाट निःशुल्क रुपमा बितरण गरिएका यी महत्वपूर्ण खोपहरुलाई प्रत्येक बालबालिकाका अभिभावक, स्वास्थ्यका सम्पूर्ण सरोकारवालाहरु, राज्यका तिनै तहका जनप्रतिनिधी, स्वास्थ्यकर्मी, संचारकर्मी, प्रशासनलगायत सबैको आ-आफ्नो तहबाट सहयोग र सहकार्यता रहेका मात्र राज्यको यो महत्वपूर्ण कार्यको सार्थकता रहन्छ । आ-आफ्नो पायक पर्ने स्वास्थ्य संस्थामा आफ्नो बच्चाले खोप प्राप्त गर्ने समय अबधिमा अनिवार्य रुपमा गएर आ-आफ्ना बालबालिकाहरुलाई यस्ता प्राणघातक डरलाग्दा रोगहरुबाट बचाउनु हरेक बाबा, आमा र सरोकार वाला सम्पुर्ण नागरिकको कर्तब्य मानिन्छ । भन्नमा कुनै दुईमत पाइँदैन त्यासैले सबैले मिलेर यो अभियान सफल पारौं र आ आफ्ना बालबालिकालाई घातक रोगबाट बचाऔं । (लेख पोखेल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन्) स्वास्थ्य खबरबाट

## *भाषाले कानुन...*

घोषणा गरेको मानक थिएन । कालान्तरको प्रयोगले नै यो मानक निर्धारण गरेको हो । बेलाबखत त्यसमा संशोधन एवं परिमार्जन हुने गरेको छ । यसमा यदाकदा विवाद पनि उत्पन्न हुन्छ । नेपाली भाषामा जस्तै अरु भाषामा पनि यसरी नै प्रयोगको आधारमा मानक बन्दै जाने हो । अरु भाषाहरू सरकारी कामकाजमा प्रयोग हुने चलन भर्खर सुरु मात्रै हुँदै छ । यसलाई मानकको विवादमा उल्झाउनु उचित हुँदैन । बरु हाललाई स्थानीय तहमा जहाँ जुन प्रकारको भाषिका प्रयोग हुने हो, त्यहाँ त्यही भाषिकालाई मानक मानी कामकाजमा प्रयोग गर्नु उचित हुन्छ ।

बागमती प्रदेशमा सरकारी कामकाजी भाषासम्बन्धी यो ऐन जो आयो, यो देशमा स्थापना भएको गणतन्त्रको उपहार हो, यसलाई भने हामीले भुल्नु हुँदैन । पञ्चायती शासनमा नेपालको भाषा नीति 'एक देश एक भाषा' सिद्धान्तमा आधारित थियो । २००७ सालमा प्रजातन्त्र आएपछि प्रदान गरिएका केही सीमित भाषिक अधिकारहरू ०१७ को पञ्चायती व्यवस्थाले खारेज गरिदिएको थियो । जस्तो, रेडियो नेपालमा विविध भाषाबाट प्रसारण हुने समाचार र साहित्यिक-सांस्कृतिक कार्यक्रम, विद्यालय शिक्षामा व्यवस्था गरिएको मातृभाषा अध्ययन आदि ।

२०४७ सालमा प्रजातन्त्र पुनर्वहाली पछि जारी भएको नयाँ संविधानलाई विश्वकै उत्कृष्ट संविधान भनिन्छ । यसले पनि सरकारी कामकाजमा अन्य भाषाको प्रयोगलाई बन्देज नै लगाएको थियो । २०५६ सालमा काठमाडौं महानगरपालिकामा नेपालभाषा र धनुषा जिविस एवं राजविराज नगरपालिकामा मैथिली भाषालाई कामकाजी भाषाको मान्यता दिने भनी तत्तत् स्थानीय निकायले गरेको निर्णयलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो । तसर्थ २०४७ सालको संविधान भाषिक अधिकारको दृष्टिकोणले निकम्मा नै थियो ।

२०६२/६३ सालमा भएको जनयुद्ध र जनआन्दोलनको प्रतिफल स्वरूप २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहित जुन नयाँ संविधान जारी भयो, त्यसपछि मात्रै नेपालमा बोलिने अन्य नेपाली भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन सकिने समावेशी अधिकार प्राप्त भयो ।

त्यसैले बागमती प्रदेशले तामाङ भाषा र नेपालभाषालाई प्रदेशको सरकारी कामकाजी भाषाको मान्यता प्रदान गर्ने जो निर्णय गर्‍यो, त्यो गणतान्त्रिक व्यवस्थामा मात्रै सम्भव भएको विषय हो । यसलाई गणतन्त्रले प्रदान गरेको अनुपम उपहारको रूपमा लिन सकिन्छ । यदि मुलुकमा गणतन्त्र कमजोर भयो भने जनताले प्राप्त गरेको यो भाषिक अधिकार पनि कमजोर हुन सक्छ, यसमा सबैको हेक्का रहनु आवश्यक छ ।

**अब समुदायको दायित्व**

संविधानमा व्यवस्था गरिए बमोजिम बागमती प्रदेश सरकारले तामाङ भाषा र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाउने ऐन जारी गरिसकेको छ । यसका लागि बागमती प्रदेशसभा, प्रदेशसभाका सम्पूर्ण सभासद् एवं बागमती प्रदेश सरकारलाई धन्यवाद दिनुपर्छ । ऐन जारी गरेर सरकारले आफ्नो वचन पूरा गरिसकेको छ । त्यसलाई कार्यान्वयन गर्न बजेट विनियोजन गरी विभिन्न कार्यक्रम अघि बढाइसकेको छ । भाषासम्बन्धी कार्य केवल सरकारले मात्र गरेर पुग्दैन, सम्बन्धित भाषाका वक्ताले दैनिक प्रयोगमा ल्याए मात्रै संरक्षण एवं उन्नयन सम्भव हुन्छ ।

सरकारले लागु गरेको ऐनलाई कार्यान्वयन गर्न र सफल पार्न समुदायको अहं भूमिका रहन्छ । समुदाय मौन रहने हो भने यो ऐनको कुनै प्रयोजन हुनेछैन । सम्बन्धित भाषिक समुदायले लामो संघर्ष गरी प्राप्त गरेको यो ऐनलाई सार्थकता प्रदान गर्न अब सम्बन्धित समुदायले विद्यालय तहदेखि उच्च तहसम्म आफ्नो मातृभाषामा पठनपाठन गराउने, सरकारी कार्यालयहरूमा निवेदन, उजुरी दर्ता जस्ता कार्य आफ्नै मातृभाषामा सम्पादन गर्ने र सबैभन्दा महत्त्वपूर्ण कुरा आफ्ना बालबच्चालाई आफ्नो घरमा आफ्नै मातृभाषा सिकाउने कार्य गर्नु अत्यन्त आवश्यक छ । सम्बन्धित समुदायले आफ्नो मातृभाषालाई आफ्नै दैनिक कामकाजमा प्रयोग नगर्ने हो भने त्यो सरकारको कामकाजमा पनि प्रयोग हुन सक्दैन । भाषाले कानुन पाएको छ, अब न्याय पाउनु छ । ( लेखक भाषा आयोगका सदस्य हुन् ।) रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# बसपार्क राजविराज नगरपालिकालाई हस्तान्तरण

**राजविराज**/विगत साढे आठ बर्ष देखि निर्माणाधिन राजविराज बसपार्क मंगलबार राजविराज नगरपालिकालाई हस्तान्तरण गरिएको छ।

सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले कार्यक्रमको आयोजना गरि आयोजना प्रमुख सुरेन्द्र कुमार साहले राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनलाई बासपार्कको साँचो र निर्माण सम्पन्न भएको प्रमाणपत्र हस्तान्तरण गरे।




शहरी विकास मन्त्रालयको १५ करोड ६० लाख रुपैयाँमा नव निर्मित बसपार्कको २०७४ साल पुष १९ मा सिनर्जी विल्डर्स प्रालि कुलेश्वर १४ काठमाडौंले ठेक्का समझौता गरेको थियो।

राजविराज बसपार्कको पहिलो पटक २०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, दोश्रो पटक २०४६ मा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओली र तश्रो पटक २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि शिलान्यास गरेका थिए। तर, निर्माण काम अगाडी बढ्न सकेको थिएनन्।

पछिल्लो पटक (चौथो पटक) २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन प्रमुख शम्भुप्रसाद यादवले संयुक्त रुपमा बसपार्कको शिलान्यास गरेका थिए।

यसपटक भने साढे आठ बर्षपछि निर्माण सकेर राजविराज नगरपालिकालाई हस्तान्तरण गरिएको हो। यो संगै ३८ बर्ष अघि पहिलो पटक शिलान्यास गरिएको राजविराज बसपार्क निर्माणको सपना पुरा भएको छ।

सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीका प्रमुख सुरेन्द्र कुमार साहले पहिलो पटक भएको समझौताको म्याद अनुसार २०७७ पुष १८ मा निर्माण सम्पन्न हुनुपर्नेमा कोभिड महामारी, मौसम प्रतिकूलता जस्ता अनेक व्यवधानले पटक-पटक म्याद थप गर्नु परेको बताउँदै समझौता भएको समय भन्दा ढिलो भएपनि काम सम्पन्न भएर नगरपालिकालाई हस्तान्तरण गर्न पाएकोमा खुशी व्यक्त गरे।

बस पार्कको साँचो तथा प्रमाणपत्र बुझ्दै राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परवीनले छिट्टै नै बसपार्क संचालनमा ल्याउने प्रतिवद्धता जनाईन्। राजविराज नगरपालिकामा अनेक समस्या रहेको र त्यसकाबीच बसपार्कको निर्माण सकिएर नगरपालिकालाई हस्तान्तरण गर्नु ठूलो उपलब्धि भएको उनको भनाई छ।

राजविराजको राजदेवी चौक स्थितमा १९ हजार ६ सय ४४२ वर्ग किलोमिटर क्षेत्रफलमा निर्माण गरिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष तथा मुख्य प्रवेशद्वार, टिकट काउन्टर र बेटिङ एरिया सहित पुरुष शौचालय, २ वटा पसल र शौचालय, रेष्टुरेन्ट, मिनीमार्केट हल, बैंक ब्रान्च, पाँच तल्ले क्लक टावर, दुईवटा गार्ड हाउस, दुईवटा मेन गेट पब्लिक शौचालय र सर्भिस सेन्टर लगायतको संरचना निर्माण गरिएको छ।

# ब्लक, विटौरी जग्गाको जग्गाधनी पुर्जा पाउनुपर्ने माग गर्दै नगरपालिकामा धर्ना

**राजविराज**/ब्लक, विटौरी जग्गाको जग्गाधनी पुर्जा पाउनुपर्ने माग गर्दै राजविराजका नगरवासीले नगरपालिका कार्यालयमा सोमबार धर्ना बसेका छन्।

राजविराज नगरवासीको तर्फबाट गठित संघर्ष समितीको अगुवाईमा विहान १० बजे बाजार क्षेत्रमा प्रर्दशन पश्चात् नगरपालिका कार्यालय घेराउ गर्दै धर्नामा बसेपछि राजविराज नगरपालिकाको कामकाज समेत ठप्प भएको थियो।

यसअघि गत आईतबार राजविराजस्थित नापी कार्यालयको गेटमा समेत उनीहरु धर्ना बसेका थिए।

राजविराजको स्थापना कालदेखि बसोवास गर्दै आएका नगरवासीहरुले विभिन्न ८ बुंदे माग अघि सार्दै नगरपालिका कार्यालयमा धर्ना दिएका हुन्।

*बाँकी अन्तिम पृष्ठमा*

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

## अन्तर्राष्ट्रिय समाचार

### एक्सलाई ८ हजारभन्दा बढी खाता ब्लक गर्न भारतको निर्देशन

**वासिङ्टन**/भारतले एक्सलाई आठ हजारभन्दा बढी खाता ब्लक गर्न आदेश दिएको प्लेटफर्मले बिहीबार जानकारी दिएको छ। साथै प्लेटफर्मले सरकारद्वारा लागू गरिएको 'सेन्सरसिप' भनेर वर्णन गरेको कुरासँग अनिच्छापूर्वक पालना गरिरहेको जनाएको छ। यो कदम भारतको व्यापक कारबाहीको हिस्सा जस्तो देखिन्छ, जसले आणविक-सशस्त्र छिमेकीहरू बीच बढ्दो तनाव र घातक झडपहरूका बीचमा पाकिस्तानी राजनीतिज्ञ, सेलिब्रिटी र मिडिया संस्थानहरूका सामाजिक मिडिया खाताहरूलाई लक्षित गरेको छ। एक्सका अनुसार अन्तर्राष्ट्रिय समाचार संस्थाहरू र अन्य प्रमुख प्रयोगकर्ताहरूलाई ब्लक गर्न माग गरेको यो आदेश मेटाले नयाँदिल्लीको अनुरोधमा इन्स्टाग्राममा एक प्रमुख मुस्लिम समाचार पेज भारतमा प्रतिबन्धित गरेको एक दिन पछि आएको हो। "कम्पनीका स्थानीय कर्मचारीहरूलाई उल्लेखनीय जरिवाना र कारावासको सम्भावित दण्डसहित एक्सले भारत सरकारबाट कार्यकारी आदेशहरू प्राप्त गरेको छ जसमा एक्सले भारतमा आठ हजारभन्दा बढी खाता ब्लक गर्न आवश्यक छ", साइटको विश्वव्यापी सरकारी मामिला टोलीले एक विज्ञप्तिमा भनेको छ। धेरैजसो मामिलामा सरकारले खाताहरूबाट कुन पोस्टहरूले भारतीय कानून उल्लङ्घन गरेको छ भनेर निर्दिष्ट गरेको थिएन र अन्य धेरैमा यसले ब्लकहरूका लागि कुनै प्रमाण वा औचित्य प्रदान गरेको थिएन। एलन मस्कको स्वामित्वमा रहेको प्लेटफर्मले मागहरूसँग असहमति जनाएको तर भारतमा निर्दिष्ट खाताहरू रोक्ने प्रक्रिया सुरु गरेको बताएको छ। "सम्पूर्ण खाताहरू अवरुद्ध गर्नु अनावश्यक मात्र होइन, यो विद्यमान र भविष्यका सामग्रीको सेन्सरसिप बराबर हो, र अभिव्यक्ति स्वतन्त्रताको मौलिक अधिकारको विपरित हो", विज्ञप्तिमा भनिएको छ, "यो सजिलो निर्णय होइन, यद्यपि प्लेटफर्मलाई भारतमा पहुँचयोग्य राख्नु भारतीयहरूको सूचना पहुँच गर्ने क्षमताका लागि महत्त्वपूर्ण छ।" काश्मीरको विवादित मुस्लिम बहुल क्षेत्रमा भारतद्वारा शासित क्षेत्रमा पर्यटकहरूमाथि घातक आक्रमणलाई समर्थन गरेकामा नयाँदिल्लीले इस्लामाबादलाई दोष दिएको दुई हप्तापछि भारत र पाकिस्तानबीचको भीषण लडाइँका बीच यो कदम आएको हो। पाकिस्तानले उक्त आरोप अस्वीकार गरेको छ। भारतले बुधबार 'आतङ्कवादी शिविरहरू' लाई लक्षित गरेको भन्दै हवाई आक्रमण सुरु गरेदेखि बढ्दो हिंसामा सीमाको दुवै छेउमा कम्तीमा ४८ जनाको मृत्यु भएको छ। दुवै देशले बिहीबार एकअर्कामाथि ड्रोन आक्रमणको आरोप लगाएका छन्। एक्सले कानूनी प्रतिबन्धहरूका कारण भारतीय कार्यकारी आदेशहरू सार्वजनिक गर्न नसक्ने बताएको छ, तर यसले प्रभावित प्रयोगकर्ताहरूलाई 'अदालतहरूबाट उपयुक्त राहत खोज्न' प्रोत्साहित गरेको छ। यसले प्रभावित प्रयोगकर्ताहरूको नाम उल्लेन गरेन, तर हालैका दिनहरूमा भारतीय मिडियाले भारतले पाकिस्तानी राजनीतिज्ञ बिलावल भुट्टो जरदारी र पाकिस्तानका पूर्व प्रधानमन्त्री तथा क्रिकेट कप्तान इमरान खानका एक्स खाताहरू ब्लक गरेको रिपोर्ट गरेको छ। भारतले पाकिस्तानी समाचार संस्थाहरूसहित 'उत्तेजक' सामग्री फैलाएको आरोपमा एक दर्जनभन्दा बढी पाकिस्तानी युट्युब च्यानलहरूलाई पनि प्रतिबन्ध लगाएको छ। पाकिस्तानी बलिउड चलचित्रका नियमित कलाकार फवाद खान र आतिफ असलम पनि भारतमा सीमित थिए। साथै स्टार ब्याट्सम्यान बाबर आजम र मोहम्मद रिजवान र सेवानिवृत्त खेलाडी शाहिद अफ्रिदी र वसीम अकरमसहित विभिन्न प्रकारका क्रिकेटरहरू पनि भारतमा सीमित थिए। दक्षिण एसियाली यी दुई छिमेकीबीच बढ्दो शत्रुताले अनलाइन गलत सूचनाको बाढी ल्याएको छ। सामाजिक मिडिया प्रयोगकर्ताहरूले डिपफेक भिडियोदेखि असम्बन्धित द्वन्द्वहरूको पुराना छविहरूसम्म सबै कुरा प्रसारित गरिरहेका छन्, जसलाई गलत तरिकाले चलिरहेको लडाइँसँग जोडिएको छ। एजेन्सी

### भारतमा २४ विमानस्थलमा उडान निलम्बन

**मुम्बई**/भारतले आणविक-सशस्त्र प्रतिद्वन्द्वी पाकिस्तानसँगको लडाइँपछि उत्तरी क्षेत्रका २४ विमानस्थलमा नागरिक उडानहरू स्थगित गरेको छ। भारतले बुधबार 'आतङ्कवादी शिविरहरू' लाई लक्षित गर्दै हवाई आक्रमण सुरु गरेपछि र दशकौंमा यी दुई छिमेकीबीच सबैभन्दा खराब झडपहरू भड्किएपछि मुख्यतया पाकिस्तानमा झण्डै ५० जनाको मृत्यु भएको छ। बिहीबार राति भारतीय सरकारले २४ विमानस्थलको सूची जारी गरेको छ। त्यहाँ नागरिक उडानहरू बन्द गरिएका छन्। ती विमानस्थल पाकिस्तानसँगको पश्चिमी सीमा नजिकका जोधपुर, लुधियाना र अमृतसर जस्ता सहरहरूमा रहेका छन्। एयर इन्डिया, इन्डिगो र स्पाइसजेट जस्ता भारतका केही ठूला एयरलाइन्सले बुधबारदेखि एक सयभन्दा बढी उडान रद्द गरिसकेका छन्। स्थानीय मिडियाले नागरिक उडानको निलम्बन शनिबार बिहान हटाइने सम्भावना रहेको रिपोर्ट गरेका छन्। भारतीय एयरलाइन्सहरूले अन्य विमानस्थलहरूबाट उड्ने यात्रुहरूलाई सुरक्षा उपायहरू बढाउने सरकारी सूचना उल्लेख गर्दै प्रस्थानभन्दा कम्तीमा तीन घण्टा अगाडि आइपुग्न अनुरोध गर्दै सल्लाह जारी गरेका छन्। बुधबारको आक्रमणहरू नयाँदिल्लीले विवादित काश्मीरको भारत प्रशासित भागमा पर्यटकहरूमाथि भएको आक्रमणलाई समर्थन गरेको आरोप इस्लामाबादमाथि लगाएको दुई हप्तापछि आएको हो। उक्त आरोपलाई पाकिस्तानले अस्वीकार गरेको छ। एजेन्सी

### आइपिएल एक हप्ताका लागि स्थगित

**नयाँदिल्ली**/क्रिकेटको सबैभन्दा धनी प्रतियोगिता भारतीय प्रिमियर लिग (आइपिएल) शुक्रबार नयाँदिल्ली र पाकिस्तानबीचको द्वन्द्वका कारण एक हप्ताका लागि स्थगित गरिएको छ। "प्रतियोगिताको नयाँ तालिका र स्थानहरू बारे थप अपडेटहरू उचित समयमा घोषणा गरिनेछ", भारतीय क्रिकेट बोर्ड (बिसिसिआई) का मानार्थ सचिव देवजित सैकियाले एक वक्तव्यमा भन्नुभयो, "क्रिकेट राष्ट्रिय उत्साह भए तापनि, हाम्रो देशको सार्वभौमसत्ता, अखण्डता र सुरक्षाभन्दा महत्त्वपूर्ण अरू केही छैन।" अधिकारीहरूले बिहीबार धर्मशालामा एउटा खेल रद्द भएपछि टी२० प्रतियोगिता रोकेका थिए। धर्मशाला उत्तरी सहर जम्मूबाट दुई सय किलोमिटर (१२५ माइल) भन्दा कम दूरीमा छ। जम्मूमा केहीघण्टा अघि विस्फोटहरू भएको खबर आएको थियो। शुक्रबार आणविक-सशस्त्र यी दुई छिमेकी बीचको लडाइँको तेस्रो दिनमा भारतले रातभरि पाकिस्तानी ड्रोन र तोपखाना आक्रमणलाई परास्त पारेको बताएको छ। एजेन्सी

# कोशीमा मृत फेला परेका पुरुषको पहिचान खुलेन



**राजविराज**/सप्तरीको हनुमाननगर १ स्थित सप्तकोशी नदीमा शुक्रबार मृत अवस्थामा फेला परेका एक पुरुषको अझै पहिचान खुल्न सकेको छैन्।

उनको शव अहिले पोष्टमार्टमका साथै सनाखत प्रयोजनका लागि गजेन्द्र नारायण सिंह अस्पतालको शव गृहमा राखिएको छ।

इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले कोशी नदी आसपासका बासिन्दाका साथै सबैतिर मृतकको हुलिया विवरण पठाएर सनाखतको प्रयास गरिरहेको जानकारी दिएका छन्।

कालोमा सेताको घर्सा भएको हाफपैन्ट र निलो हरियो टिसर्ट लगाएको अवस्थामा शुक्रबार कोशी व्यारेजको पुलदेखी करिब तीनसय मिटर टाढा अन्दाजी ४०/४५ वर्षिय युवक मृत अवस्थामा फेला परेको थियो। मधेशी मूलका ती व्यक्तिको शव डुंगा चढेर गएका प्रहरी टोलीले नदीबाट निकालेका थिए।

मृतकको शव गजेन्द्र नारायण सिंह अस्पतालको शवगृहमा ल्याई राखिएको तथा पोष्टमार्टम सकिएपछी मात्र मृत्युको कारण खुल्ने बताउँदै प्रहरी नायब उपरिक्षक काफ्लेले मृतकका आफन्त पत्ता लगाउने काम भइरहेको जनाए।

# सडकपेटी समेत कब्जा गरि पसल राख्दा आवागमनमा समस्या



**राजविराज**/राजविराजस्थित हुलाकी मार्ग अन्तरगत अदालतदेखी राम मन्दिरसम्मको आधी किलोमिटर सडकखण्डमा सडकपेटी र सडक नै छेकेर फुटफाटे पसलेले पसल थापेपछी आवागमनमा समस्या देखिएको छ।

सम्बन्धीत निकायले चासो नदिदा ती सडकपेटीमा मात्र नभई झण्डै २५ प्रतिशत जति सडक नै छेकेर व्यापार व्यवसाय गर्न थालिएको हो।

सडकपेटी र सडक नै छेकेर कारोवार गर्नेहरुमा तरकारी र फलफुल व्यवसायीदेखी चिया र नास्ता पसलेसम्म छन्। सडकमै पसल थापेपछी ओहोर दोहोर गर्ने बाटो साँघुरो हुनुका साथै दुर्घटनाको जोखिम समेत बढाएको छ।

उक्त सडक खण्ड नजिकै मालपोत, अदालत, वन लगायतका कार्यालय तथा मुख्य हाटबजार पनि रहेको छ। एकातिर उक्त कार्यालयहरुमा आउने सेवाग्राहीहरुको चाप र अर्कोतिर हाट बजारमा दैनिक उपभोग्य सामाग्रि किन्न आउने उपभोक्ताको अध्याधिक भिडभाड रहने गरेको बेला सडक नै कब्जा गरेर व्यापार व्यवसाय चलाउन सर्वसाधारणलाई आवतजावतमा समस्या भएको स्थानीयवासी बिरेन्द्र गुप्ताको भनाई छ।

यस्तै कतिपयले भोजभतेरका लागि सडकमै पण्डालले घेरवार त कसैले घर निर्माणका सामाग्रि थुपारिदिनाले बजार क्षेत्र नै अस्तव्यस्त बनाएको स्थानीयवासी दुखा चौधरीको भनाई छ।

पैदलयात्रुका लागि बनाइएको बाटोसँगै सडक समेत छेकेर संचालनमा ल्याइएका यस्ता पसलहरु अविलम्ब हटाउनु पर्ने स्थानीयको माग छ।

# डेङ्गी संक्रमणको जोखिम बढ्ने, सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह

**काठमाडौं**/पानी पर्न थालेकाले डेङ्गी सङ्क्रमणको जोखिम बढ्नेसक्ने भन्दै सतर्कता अपनाउन आग्रह गरिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जम्मा भएको पानीले डेङ्गी सङ्क्रमण बढाउने खतरा रहेकाले सतर्क रहन आग्रह गरेका हुन्।

उनले भने, "पानी जम्मा हुँदा त्यसमा डेङ्गी सार्ने लामखुट्टेको विकास हुने गर्दछ। यसका लागि १५ देखि २० दिन लाग्छ। त्यसैले अबको १५ देखि २० दिन डेङ्गी सङ्क्रमण हुने खतरा रहेको छ। सबैले आवश्यक सतर्कता अपनाउन आग्रह छ।"

पानी जम्ने ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोकेर डेङ्गी रोग लाग्ने गर्दछ।

शाखा प्रमुख डा दाहालले गत वर्ष धेरै डेङ्गी सङ्क्रमण भएका ३५ स्थानीय तहमा सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न पत्राचार गरिसकिएको बताए। उनका अनुसार पुस १७ यता ९६८ जनामा सङ्क्रमण देखिएको छ। सन् २०२४ मा देशका ७६ जिल्लामा डेङ्गी सङ्क्रमण फैलिँदा ४१ हजार ८६५ सङ्क्रमित र १५ जनाको मृत्यु भएको थियो।

## ब्लक, बिटौरी...

बि.स. २०१६ सालमा राजविराज नगरपालिका स्थापनाकालदेखि नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ-बायाँ रहेका ७० विगहा क्षेत्रफलमा बसोबास गर्दै आएका ५ हजार २ सय परिवार बर्षौदेखि जग्गाधनी पुर्जा विहिन छन्। नगरपालिकाबाट नक्सापास तथा मालपोत कार्यालयबाट विगत ८ बर्षदेखि रोक्का प्रकृया बन्द गरिएपछि उनीहरु मार्कामा परेका हुन्।

जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोबास गर्दै आएका राजविराजबासी विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखि ऋणकर्जा लिदै आएका थिए तर, हाल उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन्।

संघर्ष समितिले ब्लक र बिटौरी जग्गाको लालपुर्जाका साथै राजविराज बसपार्क अविलम्व संचालन, हटियामा निर्माणाधिन व्यवसायिक कम्पलेक्सको निर्माण कार्य अविलम्व सकाएर व्यवसायीलाई हस्तान्तरण, नाका क्षेत्रमा बर्षौ देखि बन्द रहेका छोटी भन्सार कार्यालयहरुको पुनसंचालन लगायतका ८ बुदे माग अघि सार्दै विगत दुई महिनादेखि आन्दोलित छन्।


## हावाहुरीबाट जोगिने उपाय

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामग्रीहरू खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com,* **वेवसाइट** : *rajbirajdainik.com.np*